<u>**तमानखोला गाउँपालिकाको आर्थिक वर्ष २०८३।०८४ को बजेट वक्तव्य**</u>

**सभाध्यक्ष महोदय,**

**सभाका सदस्यज्यूहरु,**

- तमानखोला गाउँपालिकाको गाउँसभाको यस गरिमामय नवौं अधिवेशनमा प्रस्तुत गरिएको नीति तथा कार्यक्रमलाई कार्यान्वयनको पूर्णता प्रदान गर्ने उद्देश्यले आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म अत्यन्त गौरवान्वित तथा हर्षित भएको छु।
- सर्वप्रथम, राष्ट्रको लोकतान्त्रिक रूपान्तरण, सामाजिक न्याय, समावेशी विकास तथा समृद्धिको यात्रालाई सुनिश्चित गर्न विभिन्न कालखण्डमा सम्पन्न भएका राजनीतिक, सामाजिक तथा जनआन्दोलनहरू र वि.सं. २०८२ को भदौ महिनामा भएको जेनजी आन्दोलनमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात वीर सहिदहरूप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु। साथै, आन्दोलनका क्रममा घाइते, अङ्गभङ्ग तथा अपाङ्गता भएका योद्धाहरूप्रति उच्च सम्मान व्यक्त गर्दै राष्ट्र निर्माण र परिवर्तनका विविध अभियानहरूमा योगदान पुऱ्याउनुहुने सम्पूर्ण नेपाली आमाबुबा, दिदीबहिनी तथा दाजुभाइहरूप्रति हार्दिक सम्मान प्रकट गर्दछु।
- प्रस्तुत बजेट तर्जुमा गर्दा नेपालको संविधान, नेपाल सरकारको सोह्रौं आवधिक योजना, गण्डकी प्रदेश सरकारको दोस्रो आवधिक योजना, संघ तथा प्रदेश सरकारबाट प्राप्त नीति, मार्गदर्शन र प्राथमिकता, तमानखोला गाउँपालिकाको दोस्रो आवधिक योजना, प्रचलित कानुन, दिगो विकास लक्ष्य, चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम तथा गाउँ कार्यपालिकाबाट भएका सर्वसम्मत निर्णयहरूलाई आधारका रूपमा ग्रहण गरिएको छ।
- आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रम तर्जुमा गर्दा वित्तीय अनुशासन र सुशासनको प्रवर्द्धन, विकासका वस्तुगत आवश्यकता, नागरिकका आकांक्षा तथा गाउँपालिकाभित्रको भौगोलिक, सामाजिक र क्षेत्रगत सन्तुलित विकासलाई विशेष प्राथमिकतामा राखिएको छ। साथै स्थानीय स्रोत, साधन, सीप र सम्भावनाको अधिकतम परिचालन गर्दै शिक्षा, स्वास्थ्य, कृषि उत्पादन, रोजगारी सिर्जना तथा उत्पादनमूलक र परिणाममुखी विकास कार्यक्रमहरूमा बजेटलाई केन्द्रित गरिएको छ।
- नेपालमा सुशासन प्रवर्द्धन, भ्रष्ट्राचारको अन्त्य, सहज र सुलभ सेवा प्रवाह लगायतका विषयमा विभिन्न समयमा भएका विद्रोह, संघर्ष र आन्दोलनको मर्मलाई बुझेर नेपालका तीनै तहका सरकारले बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपर्ने जिम्मेवारी रहेको छ। तमानखोला गाउँपालिकाले पनि संविधान प्रदत्त आफ्नो अधिकार क्षेत्रभित्र रहेर प्रविधियुक्त सेवाप्रवाह, स्थानीय विकास निर्माणका लागि बजेट तथा कार्यक्रम तर्जुमा गरेको छ ।
- प्रस्तुत बजेटले **" सुखी र समान, समुन्नत तमान"** को दीर्घकालीन सोचलाई आत्मसात् गर्दै स्थानीय अर्थतन्त्रको सुदृढीकरण, गुणस्तरीय सेवा प्रवाह, सामाजिक न्याय, सुशासन तथा दिगो विकासको आधार निर्माण गर्ने अपेक्षा लिएको छु।

**सभाध्यक्ष महोदय,**

अब म चालु आर्थिक वर्ष २०८२।०८३ को आय व्ययको यथार्थ स्थिति तथा उपलब्धीहरु प्रस्तुत गर्न अनुमति चाहन्छु ।

- चालु आर्थिक वर्षको वार्षिक बजेट तथा संशोधित आय/व्यय अनुमान रु ३४ करोड ८७ लाख ९७ हजार ५ सय ५१ दशमलव ५७ पैसा रहेकोमा हालसम्म जम्मा आय तर्फ २९ करोड ५८ लाख ४२ हजार ४ सय ७४ दशमलव ६५ पैसा प्राप्त भएको छ जुन कुल लक्ष्यको जम्मा ८५ प्रतिशत हुन आउँछ ।
- चालु खर्च तर्फ २२ करोड ९९ लाख ७५ हजार १ सय ५१ दशमलव ५७ पैसा व्यय अनुमान गरिएकोमा हाल सम्म रु १५ करोड ४ लाख १९ हजार ९ सय ७० दशमलव ५२ पैसा अर्थात ६६ प्रतिशत खर्च भएको छ।
- पुँजीगत खर्चतर्फ रु ११ करोड ८८ लाख २२ हजार ४ सय विनियोजन भएकोमा हाल सम्म ५ करोड ४० लाख ९५ हजार २ सय ६४ अर्थात ४६ प्रतिशत खर्च भएको छ । हाल सम्मको औसत वित्तिय प्रगति ५९ प्रतिशत रहेको छ ।

**सभाध्यक्ष महोदय,**

अब म आगामी आर्थिक वर्ष २०८३।०८४ को बजेटका उदेश्य र प्राथमिकता प्रस्तुत गर्दछु ।

**क. बजेटका उद्देश्यहरु :**

१. स्थानीय स्रोत साधन र सम्भावनाको परिचालनमार्फत उत्पादन, रोजगारी र आयवृद्धि गर्ने ।

२. स्वरोजगार उन्मुख उद्यमशीलता र सीपको विकास गर्ने/ रोजगारी सिर्जनाको आवश्यक वातावरण निर्माण गर्ने ।

३. शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई तथा सामाजिक सुरक्षामा नागरिकको पहुँच र गुणस्तर अभिवृद्धि गर्ने।

४. लक्षित वर्गको सहारा स्थानीय सरकार भएको अनुभूति दिलाउने।

५. दिगो, सुरक्षित र गुणस्तरीय पूर्वाधार विकासमार्फत समग्र विकासको आधार सुदृढ गर्ने।

६. गाउँपालिकाका सडक सञ्जाल बाह्रै महिना सञ्चालन हुनेगरी सडक पूर्वाधारको निर्माण गर्ने।

७. प्रविधिमैत्री सेवा मार्फत सुशासन, पारदर्शीता र उत्तरदायित्व वृद्धि गर्दै भ्रष्टाचारका गतिविधि हुन नदिने ।

८. वातावरण संरक्षण, विपद् व्यवस्थापन र दिगो विकासमार्फत समृद्ध तमानखोला निर्माण गर्ने।

९. कृषि तथा पशुपालनजन्य उत्पादन प्रवर्द्धन गरी कृषि र पशुपन्छीजन्य आवश्यकतामा आत्मनिर्भर हुँदै निकासी प्रवर्द्धनमा उत्प्रेरित गर्ने ।

**ख. बजेटका प्राथमिकताहरु:**

१. कृषि, पशुपालन, पर्यटन, उद्यम विकास तथा रोजगारी सिर्जनामार्फत उत्पादन र स्थानीय अर्थतन्त्रको सुदृढीकरण।

२. बाह्रै महिना यातायात सञ्चालनका लागि आधारभूत सडक पूर्वाधारको निर्माण ।

३. शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई, पोषण तथा सामाजिक सुरक्षा सेवाको गुणस्तर र पहुँच अभिवृद्धि।

४. लक्षित वर्गको क्षमता विकास गर्दै उद्यमशीलता प्रवर्द्धन ।

५. गुणस्तरीय भौतिक र पुरक पूर्वाधारको विकास तथा स्तरोन्नति।

६. प्रविधिमैत्री सेवाप्रवाह संगै सुशासन, पारदर्शिता र संस्थागत क्षमता विकास ।

७. वन तथा वातावरण संरक्षण, जलवायु अनुकूलन, विपद् जोखिम न्यूनीकरण तथा प्राकृतिक स्रोतहरूको दिगो व्यवस्थापन।

**सभाध्यक्ष महोदय,**

अब म तमानखोला गाउँपलिकाको आर्थिक वर्ष २०८३।०८४ को नीति तथा कार्यक्रम, प्रस्तुत बजेटका उदेश्य र प्राथमिकता बमोजिम क्षेत्रगत कार्यक्रम र बजेट प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**शिक्षा, युवा तथा खेलकुद**

१. शिक्षामा पहुँच र गुणस्तर अभिवृद्धि गर्न प्रविधिमैत्री शिक्षण प्रणालीलाई सुदृढ बनाउँदै विद्यालयको शैक्षिक वातावरण सुधार, सिकाइ उपलब्धि अभिवृद्धि, शिक्षक क्षमता विकास, डिजिटल साक्षरता तथा निरन्तर शैक्षिक अनुगमनलाई प्राथमिकतामा राखेको छु।

२. विद्यालयमा कार्यरत गाउँपालिकाले व्यवस्थापन गरेका बालविकास सहजकर्ता, गाउँपालिका शिक्षक र कम्प्युटर शिक्षकको तलब भत्ता र विद्यालय सहयोगी तथा लेखापालहरूको थप तलबभत्तालाई निरन्तरता दिएको छु ।यसका लागि **रु. १ करोड ३९ लाख** बजेट व्यवस्था गरिएको छ ।

३. विद्यालय शिक्षक तथा बालविकास सहजकर्ताहरूको व्यावसायिक दक्षता अभिवृद्धि गरी शिक्षण सिकाइ प्रक्रियामा नवीनता ल्याउन शैक्षिक तालिम तथा कार्यशाला र क्षमता अभिवृद्धि कार्यक्रमका लागि **रु. ७ लाख** विनियोजन गरिएको छ।

४. **"जेहेन्दारलाई कदर, शिक्षामा अवसर"** भन्ने भावनालाई व्यवहारमा उतार्दै गरिब, विपन्न, जेहेन्दार तथा प्रतिभाशाली विद्यार्थीहरूको उच्च शिक्षामा पहुँच सुनिश्चित गर्न छात्रवृत्ति सहयोग कार्यक्रमका लागि **रु. ५ लाख** विनियोजन गरिएको छ। त्यस्तै गरिब तथा जेहेन्दार छात्रवृत्ति कोषका लागि **रु. १० लाख** बजेट व्यवस्था गरेको छु ।

५. बालबालिका तथा किशोरकिशोरीहरूको सर्वाङ्गीण विकासलाई केन्द्रमा राख्दै करियर परामर्श, जीवनोपयोगी शिक्षा तथा नेतृत्व विकास कार्यक्रम सञ्चालन गरिनेछ । लागु औषध दुर्व्यसनीमा

परेका युवा तथा बालबालिकालाई उद्धार तथा सहयोगको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

६. युवाहरुलाई लक्षित गरी **नेतृत्व विकास कार्यक्रम** र **युवा लक्षित सचेतना कार्यक्रम**का लागि आवश्यक बजेट व्यवस्था गरेको छु । साथै, युवाहरूको सिर्जनशीलता, नवप्रवर्तन क्षमता, सीप, नेतृत्व तथा उद्यमशीलतालाई प्रोत्साहन गर्न **"तमानखोला युवा नवप्रवर्तन कार्यक्रम"** सञ्चालनका लागि **रु. १० लाख** बजेट विनियोजन गरेको छु ।

७. **"खेल प्रतिभाको प्रष्फुटन गरी खेलकुदको प्रवर्द्धन"** गर्ने उद्देश्यअनुसार विद्यालय तथा गाउँपालिकास्तरीय खेलकुद गतिविधिलाई प्रोत्साहन गर्न **गाउँपालिका कप कार्यक्रम**, गाउँपालिका खेल (तारा खेल) र अन्य खेलकुद गतिविधिहरुको व्यवस्थापन गर्न खेलकुद क्षेत्रका लागि **रु. १६ लाख** व्यवस्था गरिएको छ।

८. **"गुणस्तरीय विद्यालय शिक्षा, तमानखोलाको प्रतिज्ञा"** भन्ने मूल नारालाई मुर्तरुप दिनका शिक्षा, युवा तथा खेलकुद क्षेत्रका लागि **रु. २ करोड ५१ लाख ४८ हजार** बजेट विनियोजन गरेको छु ।

## स्वास्थ्य

प्रत्येक नागरिकको आधारभूत स्वास्थ्य सेवामा सहज, सर्वसुलभ र गुणस्तरीय पहुँच सुनिश्चित गर्न स्वास्थ्य संस्थाको सेवा विस्तार, स्वास्थ्य जनशक्ति व्यवस्थापन, स्वास्थ्यकर्मीको क्षमता विकास, स्वास्थ्य सूचना प्रणालीको डिजिटलीकरण तथा स्वास्थ्य सेवाको प्रभावकारी व्यवस्थापनमा जोड दिएको छु।

९. स्वास्थ्य संस्थाबाट प्रदान हुने सेवाको गुणस्तर अभिवृद्धि गर्दै नागरिकमैत्री स्वास्थ्य प्रणाली विकासका लागि स्वास्थ्य संस्थाहरूको सञ्चालन तथा व्यवस्थापन, स्वास्थ्य सामग्री आपूर्ति र सेवा प्रवाह सुदृढीकरणमा जोड दिएको छु। यस अन्तर्गत नियमित खोप तथा औषधी व्यवस्थापन, स्वास्थ्यकर्मीहरुको क्षमता विकास, योग तथा मनोपरामर्श, पोषणमैत्री स्वास्थ्य संस्था, वडा र गाउँपालिका घोषणालाई प्राथमिकतामा राखिएको छ ।

१०. नागरिकले स्वास्थ्य संस्थाबाट निःशुल्क प्राप्त गर्ने आधारभूत स्वास्थ्य सेवाको प्रभावकारिता अभिवृद्धि गर्न अत्यावश्यक औषधि तथा स्वास्थ्य सामग्रीको समयमै खरिद, आपूर्ति र व्यवस्थापनको लागि आवश्य बजेट विनियोजन गरेको छु। स्वास्थ्य संस्थामा औषधि अभावको अवस्था न्यूनीकरण गर्न तथा नागरिकलाई सुलभ स्वास्थ्य सेवा प्राप्त गर्ने सुनिश्चितता गर्न औषधि खरिदका लागि **रु.२० लाख** विनियोजन गरेको छु।

११. तमानखोला आधारभूत अस्पताललाई स्थानीय नागरिकको विश्वासिलो र प्रभावकारी स्वास्थ्य संस्थाको रुपमा विकास गरिनेछ। अस्पतालमा मेडिकल अधिकृत सहितको जनशक्ति, औषधि र उपकरण व्यवस्थापन गरी गुणस्तरीय, सहज र नागरिकमैत्री स्वास्थ्य सेवा प्रवाह सुनिश्चित **गर्न रु. २२ लाख** बजेट व्यवस्था गरेको छु।

१२.तमानखोला गाउँपालिकाले आ.व. २०८३/०८४ का लागि लिइएको वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयनका लागि स्वास्थ्य क्षेत्रमा **रु. १ करोड ७३ लाख ७५ हजार** बजेट विनियोजन गरेको छु ।

## महिला, बालबालिका तथा समाज कल्याण

१३.लक्षित वर्गलाई प्राथमिकतामा राखी सशक्तिकरण र विकासमा योगदान गर्ने उदेश्यले नेतृत्व विकास, अधिकारमुखी कार्यक्रम र सशक्तीकरण कार्यक्रम सञ्चालन गर्नका लागि बजेट विनियोजन गरेको छु ।

१४.अपाङ्गता भएका व्यक्तिहरूको सम्मानपूर्ण जीवनयापन, आत्मनिर्भरता तथा सामाजिक सहभागिता अभिवृद्धि गर्न अपाङ्ग जीविकोपार्जन कार्यक्रम, सहायता सामग्री वितरण, हिंसा तथा जोखिममा परेका महिलालाई सहयोग, मनोसामाजिक परामर्श तथा एकल महिला एवं विपन्न परिवारलाई आयआर्जन सहयोग कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

१५.महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्तिहरुको सशक्तिकरण र विकासका लागि संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त विशेष अनुदानका कार्यक्रमलाई प्रभावकारीरुपले कार्यान्वयन गरिनेछ ।

१६.समग्रमा महिला, बालबालिका तथा समाज कल्याण तर्फ **रु. ५५ लाख** विनियोजन गरेको छु।

## खानेपानी तथा सरसफाई

१७.स्वच्छ, सुरक्षित र गुणस्तरीय खानेपानीमा प्रत्येक नागरिकको पहुँच सुनिश्चित गर्ने उद्देश्यका साथ गाउँपालिका भित्रका खानेपानी आयोजनाहरूको निर्माण, विस्तार, मर्मत तथा स्तरोन्नतिलाई प्राथमिकता दिएको छु। NWASH को प्रतिवेदनमा प्राथमिकीकरण गरिएका खानेपानीका आयोजनाहरुलाई कार्यान्वयन गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

१८.तमानखोला गाउँपालिका वडा नं. ४ लाम्मेलामा रहेको खानेपानीको समस्यालाई दिर्घकालीन समाधान गर्न र त्यस क्षेत्रका नागरिकहरुलाई स्वच्छ र स्वस्थ खानेपानीमा पहुँच पुर्याउने लक्ष्यसहित लाम्मेला खानेपानी तथा सरसफाई आयोजनाका लागि **रु. १० लाख** बजेट विनियोजन गरेको छु ।

१९.तमानखोला गाउँपालिकाको आ.व. २०८३/०८४ मा खानेपानी तथा सरसफाईसंग सम्बन्धित नीति तथा कार्यक्रमहरु कार्यान्वयनका लागि जम्मा **रु. ३१ लाख ५० हजार** बजेट विनियोजन गरेको छु।

## वन, वातावरण तथा विपद् व्यवस्थापन

२०.प्राकृतिक तथा गैरप्राकृतिक विपद्को समयमा नागरिकको जीवन, सम्पत्ति तथा पूर्वाधारको संरक्षण गर्दै विपद्पछिको उद्धार, राहत र पुनर्स्थापना र पुनर्निर्माण कार्यलाई प्रभावकारी बनाउन गाउँपालिकाको विपद् व्यवस्थापन कोषका लागि **रु. १५ लाख** बजेट विनियोजन गरेको छु ।

२१.औषधीय गुण भएका वनस्पतिहरुको अध्ययन, संरक्षण र बजारीकरण तथा प्रवर्द्धन र विपद् सम्भावित क्षेत्रहरुमा हुनसक्ने क्षति न्यूनीकरणका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

२२.विपद् व्यवस्थापन, राहत, उद्दार, वातावरणीय अध्ययन लगायत वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रका लागि **रु. ५२ लाख ४२ हजार** बजेट विनियोजन गरेको छु ।

## कृषि तथा पशुपालन

२३. स्थानीय खाद्यान्न, तरकारी, फलफूल, नगदे बाली तथा पशुपालनमा उत्पादन र उत्पादकत्व वृद्धि गर्न कृषि तथा पशुपालन क्षेत्रलाई समेटेर **उत्पादनमा आधारित अनुदान कार्यक्रम**लाई निरन्तरता दिन **रु. १० लाख** बजेट व्यवस्था गरेको छु ।

२४.कृषि उत्पादन वृद्धि, आयआर्जन तथा खाद्य सुरक्षामा टेवा पुऱ्याउन उन्नत तरकारीका बिउबिजन र फलफूलका विरुवा वितरण, कृषि औजार तथा सामग्री वितरण, कृषि यान्त्रीकीकरण तथा प्रविधि विस्तार, रैथाने बाली प्रवर्द्धन तथा संरक्षण लगायतका कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

२५.कृषि उत्पादनको सुरक्षित भण्डारण, प्रशोधन, प्याकेजिङ तथा बजारीकरणलाई प्रोत्साहन गर्दै स्थानीय उत्पादनको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि, कृषकको आम्दानी वृद्धि तथा गाउँपालिकाको समग्र आर्थिक समृद्धिमा योगदान पुऱ्याउने उदेश्यले कृषि संकलन तथा विक्रि केन्द्र र चिस्यान केन्द्र सञ्चालनमा ल्याइनेछ ।

२६.पशुपन्छीजन्य रोगको रोकथाम, निगरानी तथा नियन्त्रणलाई प्रभावकारी बनाउन र सहजरुपमा पशु स्वास्थ्य सेवा सुनिश्चित गर्न **पशु स्वास्थ्य शिविर सञ्चालन** गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु । पशुपालक किसानले सहज, प्रभावकारी तथा निःशुल्क रूपमा पशु स्वास्थ्य सेवा प्राप्त गर्न सकून् भन्ने उद्देश्यले **औषधि खरिद तथा वितरण**का लागि **रु. ८ लाख ५० हजार** विनियोजन गरेको छु।

२७.पशुपालन व्यवसायमा हुन सक्ने सम्भावित जोखिम न्यूनीकरण तथा किसानको लगानी सुरक्षाका लागि पशुधन बीमालाई थप प्रभावकारी बनाइनेछ। यसका लागि **पशुपन्छी बीमा प्रिमियममा अनुदान कार्यक्रम** सञ्चालन गरिनेछ जसले किसानलाई बीमा प्रणालीप्रति आकर्षित गर्दै व्यवसायलाई सुरक्षित र दिगो बनाउन सहयोग पुऱ्याउनेछ।

२८.तमानखोला गाउँपालिकामा घुम्ति पशुपालक कृषकहरुलाई प्रोत्साहन गर्दै अनुदानमा सोलार र त्रिपाल वितरण कार्यक्रमकाई निरन्तरता दिन रु. ५ लाख बजेट विनियोजन गरेको छु ।

२९.तमानखोला गाउँपालिकाको कृषि विकास तर्फ ३१ लाख र पशुपन्छी विकास तर्फ ३२ लाख ८० हजार गरी कृषि तथा पशुपालन क्षेत्रको विकासका लागि जम्मा **रु. ६३ लाख ८० हजार** बजेट विनियोजन गरेको छु ।

## उद्योग, पर्यटन र सहकारी

३०.स्थानीय स्रोत, सीप, प्रविधि तथा कच्चा पदार्थमा आधारित उद्यमशीलताको विकास गर्दै लघु, घरेलु तथा साना उद्योगहरूको स्थापना र विस्तार गर्न, समूहमा आधारित उद्यमको विकास गर्न र उद्यमशीलता स्तरोन्नतीका लागि सिप विकास तालिम तथा साझेदारीमा प्रविधि हस्तान्तरण गरिनेछ ।

३१.हालसम्म परम्परागत रुपमा सञ्चालन हुँदै आएका आरन तथा सिलाई व्यवसायलाई औद्योगिकरण, ब्राण्डिङ तथा बजारीकरणमा सहजीकरण गर्नका लागि आवश्यक बजेट व्यवस्था गरको छु ।

३२.**उद्यमशीलता प्रवर्द्धन मार्फत आर्थिक समृद्धि** हासिल गर्ने उदेश्यले उद्यमी तथा व्यवसायीहरूलाई लगानी विस्तार गर्न **उद्यमी तथा व्यवसायीलाई सहुलियत ब्याज अनुदान** कार्यक्रमलाई निरन्तरता दिन **रु. ६ लाख** विनियोजन गरेको छु।

३३.तमानखोला गाउँपालिकाभित्र रहेका प्राकृतिक, धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाहरूको संरक्षण, प्रवर्द्धन र प्रचारप्रसारमा टेवा पुर्याउन **पर्यटन प्रवर्द्धन कार्यक्रम** सञ्चालन गर्नका बजेटको व्यवस्था गरेको छ ।

३४.मेड मोडेल अनुसार नयाँ लघु उद्यमी सिर्जना गर्न तथा परम्परागत व्यवसायहरुलाई प्रवर्द्धन गर्नकोलागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

३५.गाउँपालिकाको स्थानीय मौलिक कला, संस्कृति, परम्परा, एवम् प्राकृतिक तथा धार्मिक सम्पदामा आधारित पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले होमस्टे तथा पाहुना घर सञ्चालनका लागि **रु. ६ लाख** बजेट विनियोजन गरेको छु ।

३६.उद्योग, पर्यटन र , सहकारी क्षेत्रका लागि **रु. ३५ लाख ११ हजार** बजेट विनियोजन गरेको छु ।

## श्रम तथा रोजगार

३७.बेरोजगार नागरिकलाई सम्मानजनक रोजगारीको अवसर प्रदान गर्दै स्थानीय विकासलाई गति दिन नेपाल सरकारको राष्ट्रिय रोजगार कार्यक्रमसँग गाउँपालिकाले शतप्रतिशत लागत साझेदारीका लागि **रु. १० लाख ४७ हजार** बजेट व्यवस्था गरेको छु । कार्यक्रममार्फत सूचीकृत बेरोजगार नागरिकलाई न्यूनतम रोजगारी सुनिश्चित गरी श्रममा आधारित विकास आयोजना सञ्चालन गरिनेछ।

३८.बैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरु र बेरोजगार युवाहरुमा व्यावसायिक सीप र क्षमता विकास गरी उद्यमशील बनाउने उदेश्य मागमा आधारित उद्यमशीलता तालिम सञ्चालनका लागि **रु. ५ लाख** बजेट विनियोजन गरेको छु ।

समग्रमा श्रम तथा रोजगार तर्फ **रु. २५ लाख ४७ हजार** बजेट विनियोजन गरेको छु ।

## पूर्वाधार विकास

३९.तमानखोला गाउँपालिका भित्रका सम्पूर्ण सडकहरुलाई मर्मत तथा स्तरोन्नती गरी बाह्रै महिना संचालन गर्न मर्मत संभार कोषमा **रु. ५५ लाख** बजेट विनियोजन गरेको छु ।

४०.यस क्षेत्रको भौगोलिक विकटतालाई परास्त गर्ने उदेश्यले पुराना कच्ची सडकहरुको स्तरोन्नति तथा आवश्यकताका आधारमा नयाँ सडक सञ्जाल विस्तार गर्न तथा अन्य विविध किसिमका पूर्वाधारहरुको निर्माणका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

४१.संघीय सरकार, प्रदेश सरकार र अन्य गैर सरकारी संघ संस्थाहरुको साझेदारीमा कार्यान्वयन गर्ने योजनाहरुको लागि समपुरक कोषको व्यवस्था गरेको छु ।

४२.तमानखोला गाउँपालिकाको वडा नं. १ मा सञ्चालित बुद्ध आ.वि.को जीर्ण अवस्थामा रहेको विद्यालय भौतिक संरचना पुनःनिर्माण गरी शैक्षिक वातावरणलाई व्यवस्थित बनाउनको लागि पाहार ट्रष्ट नेपालसंग साझेदारी गर्न समपुरक कोषबाट खर्च हुनेगरी लगि **रु. २० लाख** विनियोजन गरेको छु ।

४३.वर्षायाममा हुने अविरल वर्षा तथा बाढीका कारण खोलानालामा पानीको बहाव वृद्धि भई नागरिकको आवतजावत, सेवा प्रवाह, शिक्षा, स्वास्थ्य तथा आर्थिक गतिविधिमा पर्ने असर न्यूनीकरण गर्न जोखिमयुक्त तथा आवतजावतमा कठिनाइ भएका स्थानहरु बेसीघाट, धोमाईघाट र सोम्मरबेसी घाटमा कल्भर्ट निर्माण गर्नका लागि रु. ८० लाख बजेट विनियोजन गरेको छु।

४४.संघीय सरकार समपुरक अनुदान अन्तर्गत बोंगादोभान-खुंखानी-नर्जा सडक स्तरोन्नति गर्न नेपाल सरकारसंग साझेदारीका लागि समपुरक कोषबाट खर्च हुनेगरी **रु. ६ लाख ५० हजार** बजेट विनियोजन गरेको छु ।

४५.गण्डकी प्रदेश सरकार समपुरक अनुदान अन्तर्गत तमानखोला गाउँपालिका वडा नं. ३ मा सञ्चालित धनगौ ज्योति माध्यमिक विद्यालयमा घेराबार तथा व्यवस्थापन गर्न प्रदेश सरकारसंग साझेदारीका लागि समपुरक कोषबाट खर्च हुनेगरी **रु. ६० लाख** बजेट विनियोजन गरेको छु।

४६.गाउँपालिका भित्र भएका काठका पोललाई विस्थापित गर्ने कार्यलाई विशेष प्राथमिकतामा राखेको छु ।

४७.संघ र प्रदेशसँगको सम्न्वयमा गाउँपालिका भित्रका लघु जलविद्युत आयोजनाको मर्मत र स्तरोन्नति गरि थप व्यवस्थित र भरपर्दो बनाउनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

४८.तमानखोला गाउँपालिकाको भौतिक पूर्वाधार विकासका लागि जम्मा **रु. ५ करोड ९३ लाख ३६ हजार** बजेट विनियोजन गरेको छु ।

## सुशासन तथा संस्थागत विकास

४९.गाउँपालिकाको सेवा प्रवाहलाई थप प्रभावकारी, उत्तरदायी तथा परिणाममुखी बनाउन कर्मचारीहरुको क्षमता विकास कार्यक्रमका लागि **रु. ५ लाख** बजेटको व्यवस्था गरेको छु । यसबाट सुशासन, योजना व्यवस्थापन, वित्तीय अनुशासन, सूचना प्रविधि, नेतृत्व विकास तथा कार्यसम्पादन थप प्रभावकारी हुनेछ ।

५०.गाउँपालिकाको विकास निर्माण तथा सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहिता र नागरिक सहभागिता अभिवृद्धि गर्न सार्वजनिक सुनुवाइ कार्यकक्रम र चौमासिक तथा वार्षिक प्रगति समीक्षा कार्यक्रमलाई सञ्चालनका लागि आवश्यक बजेट विनियोज गरेको छु ।

५१.गाउँपालिकाबाट हुने न्याय सम्पादनलाई छिटोछरितो, प्रभावकारी बनाउन न्यायिक समितिको सचिवालय व्यवस्थापन र मेलमिपालकर्ता तथा न्यायिक समितिको क्षमता अभिवृद्धि गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

५२.पूर्वाधार विकासलाई गुणस्तरीय, दिगो र योजनाबद्ध बनाउन आवश्यकता अनुसार विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

५३. सुशासन तथा संस्थागत विकासका लागि **रु. ४१ लाख १० हजार** बजेट विनियोजन गरेको छु ।

<u>**कार्यालय सञ्चालन र सेवा प्रवाह**</u>

५४.गाउँपालिकाको सेवा प्रवाहमा कर्मचारीहरूको मनोबल, व्यावसायिक दक्षता तथा कार्यउत्साह अभिवृद्धि गर्ने उदेश्यले कर्मचारी आवास प्रोत्साहनलाई निरन्तरता दिनको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

५५.गाउँपालिकाको कार्यालय र अन्तर्गतका कार्यालयहरुमा कार्यरत स्थायी कर्मचारीहरुको हकमा नेपाल सरकारले वृद्धि गरेको तलबमान कायम हुनेगरी र करार कर्मचारीहरुको हकमा हाल खाईपाई आएको तलबमा १० प्रतिशतले वृद्धि गरेको छु ।

५६.गाउँपालिकाको नीति, कानुन, मापदण्ड तथा निर्णय कार्यान्वयन; सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण; विपद व्यवस्थापन; स्थानीय स्तरमा हुने सभा, समारोह, परम्परा तथा चाडपर्वको सुरक्षा लगायत व्यवस्थापन गर्न गाउँपालिका नगर प्रहरी व्यवस्थापन गरी परिचालन गरिनेछ।

५७.तमानखोला गाउँपालिकाको स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन बमोजिम कर्मचारीहरुको पदपूर्ति गरी सेवा प्रवाहलाई थप व्यवस्थित बनाईनेछ ।

५८."**प्रविधिमैत्री प्रशासनः पारदर्शी, चुस्त र दुरुस्त सेवा प्रवाह**" को मान्यतालाई अवलम्वन गर्दै गाउँपालिकाको प्रशासनिक कार्यलाई कागजरहित तथा प्रविधिमैत्री बनाउनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु । कार्यालय सञ्चालन तथा सेवा प्रवाहका लागि जम्मा **रु. ६ करोड ५३ लाख ८६ हजार** बजेट विनियोजन गरेको छु ।

**सभाध्यक्ष महोदय,**

५९.**अब म प्रस्तुत क्षेत्रगत बजेट तथा कार्यक्रम कार्यान्वयन गर्न आवश्यक पर्ने बजेट र स्रोत अनुमान प्रस्तुत गर्न चाहन्छु :**

६०.आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम कार्यान्वयन गर्नका लागि कुल खर्च **रु. ३३ करोड ६७ लाख ८७ हजार ५ सय ६ रुपैंया ४० पैसा** अनुमान गरेको छु । कुल अनुमानित बजेटमध्ये खर्च प्रकृतिका आधारमा चालुतर्फ रु. २५ करोड ५९ लाख ५० हजार ९ सय २३ रुपैंया ७४ पैसा अर्थात ७६ प्रतिशत र पुँजीगततर्फ रु. ८ करोड ८ लाख ३६ हजार ५ सय ८२ रुपैंया ६६ पैसा अर्थात २४ प्रतिशत विनियोजन गरेको छु । आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये नेपाल सरकारबाट प्राप्त हुने वित्तिय समानीकरण

अनुदान रु. ७ करोड ४९ लाख, राजश्व बाँडफाँटबाट प्राप्त हुने रु. ८ करोड १० लाख, संघीय सशर्त अनुदान रु. १२ करोड २० लाख, विशेष अनुदान रु. ४५ लाख, समपुरक अनुदान रु. २६ लाख, यसैगरी प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान रु. ७४ लाख ५४ हजार, राजश्व बाँडफाँटबाट प्राप्त हुने रु. ६७ लाख ३ हजार ५ सय ६ रुपैंया ४० पैसा, समपुरक अनुदान रु. ६० लाख र विशेष अनुदान रु. ४० लाख, संघीय सरकारबाट प्राप्त हुने रोयल्टी रु. १ लाख ५० हजार, स्थानीय राजस्व बाँडफाँट (घरजग्गा रजिष्ट्रेशन शुल्क) रु. १ लाख र गाउँपालिकाको आन्तरिक राजश्वबाट रु. ४१ लाख ८० हजार उठाइनेछ । चालु आर्थिक वर्षको असार मसान्तसम्म खर्च भई बाँकी रहने अनुमानित नगद मौज्दात रु. २ करोड ३२ लाख समेत उपयोग गरिनेछ ।

**सभाध्यक्ष महोदय,**

**अब म आर्थिक वर्ष २०८३।०८४ को राजश्वको नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।**

६१.गाउँपालिकाको क्षेत्राधिकारभित्रका करका आधार फराकिलो पार्दै आन्तरिक राजश्व वृद्धि गर्न कर तथा गैरकर राजश्वको अधिकतम परिचालन गर्ने नीतिलाई अबलम्बन गरेको छु ।

६२.कर तथा गैरकर राजश्व संकलनलाई प्रभावकारी बनाउन कानुनी, संस्थागत सुधार तथा राजश्व प्रशासनमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि गरिनेछ ।

६३.गाउँपालिका भित्रका सबै व्यापार व्यवसायलाई अनिवार्य करको दायरामा ल्याउन आवश्यक व्यवस्था गरेको छु ।

६४.गाउँपालिकाले सकंलन गर्ने भूमिकर, मनोरञ्जन कर, विज्ञापन कर लगायतको दर र दायराको आवश्यक अध्ययन गरी राजश्व संकलनलाई थप प्रभावकारी बनाईने छ ।

६५.गाउँपालिकाको अधिकार क्षेत्रभित्रको विषयमा राजस्वको दायराबाहिर रहेका देहायका क्षेत्रलाई राजस्वको दायरामा समेटेको छु ।

क. सामुदायिक वन उपभोक्ता समितिले वन पैदावर बिक्रि वापत प्राप्त हुने रकम र गाउँपालिका क्षेत्र भित्रको वन पैदावार गाउँपालिका बाहिर निकासी बापत,

ख. गाउँपालिकाभित्र कृषकको व्यावसायिक उत्पादनलाई प्रोत्साहन गर्नका लागि उत्पादनमा आधारित अनुदान दिँदा व्यवसायिक फर्म/समुह सहकारी बाहेक व्यक्तिगत कृषकको हकमा उत्पादनमा आधारित अनुदान बापत,

६६.**"कर मार्फत योगदान, करदाताको सम्मान"** भन्ने नाराका साथ करदातालाई आफुले तिरेको करबाट सन्तुष्टी लिँदै उत्प्रेरित गर्नका लागि गाउँपालिकालाई बढी कर तिर्ने करदातालाई सम्मान गरिनेछ ।

६७.गाउँ कार्यपालिकाले आर्थिक रुपले विपन्न, अपाङ्गता भएका व्यक्ति र पराम्परागत पेशा व्यवसाय प्रवर्द्धन गर्ने कार्यसँग सम्बन्धित सेवा/सिफारिस शुल्क तथा दस्तुरमा आवश्यक छुट दिएको छु।

६८.कर तथा शुल्क तिर्नुपर्ने दायित्व भएको समयभित्र कर तथा शुल्क नतिरेमा बार्षिक निश्चित विलम्व शुल्क लगाएको छु ।

६९.चालु आ.व. मा कार्यान्वयनमा रहेका करका दरहरुमा आवश्यक हेरफेर गरेको छु ।

७०.प्राकृतिक स्रोत, खानी तथा खनिज पदार्थको उपयोग गर्दै गाउँपालिकाको आन्तरिक राजस्व वृद्धि गर्नका लागि अध्ययन र अनुसन्धान कार्यलाई सहयोग गरिनेछ ।

**सभाध्यक्ष महोदय,**

**सभाका सदस्यज्यूहरु,**

७१.आगामी आर्थिक वर्ष २०८३/०८४ को प्रस्तुत बजेटको आय तथा व्ययको अनुमानको विस्तृत विवरण यसैसाथ प्रस्तुत गरेको छु ।

अन्त्यमा, बजेट तर्जुमाका लागि मार्गदर्शन गर्नुहुने गाउँपालिका अध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, वडाध्यक्षज्यूहरु लगायत सम्पूर्ण जनप्रतिनिधिज्यूहरु, राजनीतिक दल, निजी क्षेत्र र नागरिक समाज लगायत सहयोग गर्नुहुने सम्पूर्ण राष्ट्रसेवक कर्मचारीप्रति हार्दिक आभार प्रकट गर्दछु । यस बजेटको सफल कार्यान्वयनमा सम्पूर्ण जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी तथा सरोकारवालाको सक्रिय सहभागिता रहने अपेक्षा गरेको छु ।साथै, नेपाल सरकार, प्रदेश सरकार र अन्य साझेदार निकायको पर्याप्त सहयोग प्राप्त हुने विश्वास लिएको छु । धन्यवाद ।

**(हिरा कुमारी छन्त्याल)**
**उपाध्यक्ष**